**नेपाल महाभूकम्प २०७२ अपडेट : २१औं दिन**
**मिति : ०७२ जेठ १**
**अन्तिम अपडेट : २२:०० बजे**

**मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)**
मृतक : ८४८५
घाइते : १६,८०८

वैशाख १२ गतेको भूकम्पछि निरन्तर आइरहेका पराकम्पनमध्ये २९ गतेको ६ रेक्टरमाथिको पराकम्पनका कारण सहजतातर्फ उन्मूख जनजीवन पुन बिथोलिन गयो । यस पराकम्पनका कारण १ सय १७ जनाको ज्यान गएको गृह मन्त्रालयले जनाएको छ । १ हजार ९ सय २८ जना घाइते भएका छन् । यस भूकम्पले दोलखा, सिन्धुपाल्चोक र रामेछापमा सबैभन्दा धेरै क्षति पुऱ्याएको छ । भूकम्प र तत्पश्चात् आरम्भ भएको भूस्खलनका कारण पूरै गाउँ विस्थापित हुने अवस्था पनि सिर्जना भएको छ । सिन्धुपाल्चोकका तातोपानीदेखि लिपिंगसम्मका लगभग ५ हजार बासिन्दा काठमाडौलगायतका स्थानमा विस्थापित भएका छन् । पीडितहरू राहतभन्दा सुरक्षित बसोवासको खोजी गर्न थालेका छन् ।

पीडितहरूको सहयोगमा गैरसरकारी क्षेत्रबाट उल्लेख्य एवम् उदाहरणीय सहयोग पनि उपलब्ध भइरहेका दृष्टान्त छ । भक्तपुरमा एक गैरसरकारी संस्थाले जस्तापास्ताले छाएको ६० ओटा अस्थायी वासस्थान निर्माण गरी पीडितहरूलाई हस्तान्तरण गरेको छ भने महोत्तरीका बालबालिकाले मुठ्ठी दान राहत सङ्कलन गरी छिमेकी सिन्धुली जिल्ला पठाएका छन् ।

भूकम्प गएको तीन साता बितिसक्दा पनि त्रिपाल समेत वितरण गर्न अक्षम रहेको व्यवस्थापनबाट जेठ महिनाभित्रै जस्तापाता वितरण गरिने सरकारको भनाइबाट आश्वस्त हुन सक्ने अवस्था छैन । राष्ट्रिय मानवअधिकार आयोगले अनुगमन गर्ने क्रममा आवश्यकता अनुसारको राहत वितरण नगरिएको र सुगम स्थानमा मात्र राहत पुऱ्याइएको ठहर गर्दै सरकारलाई राहत व्यवस्थापनमा ध्यान दिन निर्देश गरेको छ । समुचित व्यवस्थापन हुन नसक्दा राहतका त्रिपाल व्यापारीका गोदामबाट बरामद भएका घटनाहरू सार्वजनिक भएका छन् र अराजक गतिविधिहरू पनि देखिन थालेका छन् । जिम्मेवार व्यक्तिहरूबाट गरिएका यस्ता गतिविधिका कारण राहत वितरणमा व्यवधान पुग्ने त छँदैछ, पीडितहरू दुरुत्साहित हुने सम्भावना पनि उत्तिकै रहन्छ । काभ्रेका राप्रपा सभासद्ले प्रजिअमाथि गरेका दुर्व्यवहार र गाविस सचिवमाथि भएको हातपात यस्ता घटनाका दृष्टान्त हुन् । यस्ता घटनालाई निरुत्साहित गर्न राजनीतिक क्षेत्रबाट पहल गर्नु आवश्यक देखिएको छ ।

**उल्लेख्य**

- राप्रपाका समानुपातिक सभासद रेशमबहादुर लामाले वैशाख ३१ गते संसदीय विशेष समितिका सदस्य तथा काङ्ग्रेसका उपसभापति रामचन्द्र पौडेलकै सामुन्ने काभ्रेका प्रमुख जिल्ला अधिकारी सुर्दशनप्रसाद ढकाललाई दुर्व्यवहार गर्दै चश्मासमेत फुटाई दिए ।
- महाभूकम्पले गाउँमा धेरै क्षति भएपनि गाविस सचिव सम्पर्कमा नआएको भन्दै काभ्रेको गोकुले गाविसका सचिवलाई स्थानीयले कुटपिट गरेका छन् । गोकुलेका गाविस सचिव शम्भुप्रसाद

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

सापकोटालाई मकवानपुरको बाटो हुँदै गाउँमा जान लाग्दा वैशाख ३१ गते सोही गाविसको छोटेसहानमा कुटपिट गरिएको हो ।

- वैशाख २९ गते आएको भूकम्पमा परी सिन्धुपाल्चोक जिल्लामा हालसम्म १७ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । भूकम्पले गाउँमा ठूला ठूला पहिरो गएपछि तातोपानी गाविसस्थित लार्चादेखि लिपिङसम्मका बजार क्षेत्रका सम्पूर्ण नागरिक विस्थापित भएका छन् । तातोपानी गाविसमा तीन हजार दुई सय ६२ महिलासहित ५ हजार ७ सय ७४ जनामध्ये ३ हजार ५ सय नागरिक विस्थापित भएको गाविस सचिव डम्बरबहादुर श्रेष्ठले बताए ।
- वैशाख २९ गते दिउँसोको भूकम्पका कारण हृदयघात भएर पाल्पामा एक महिलाको मृत्यु भएको छ।
- जिल्ला दैवीप्रकोप उद्धार समिति उदयपुरले वैशाख १२ गतेका भूकम्प पीडितलाई जिल्लाका ४० वटै गाविस र तीनवटै नगरक्षेत्रमा राहत वितरण सम्पन्न गरेको बताएको छ ।
- इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखराले भूकम्पले पारेको असर र राहतको अवस्थाका बारेमा वैशाख ३१ गते कास्कीको रुपकोट र थुम्की गाविसमा अनुगमन गर्दा भूकम्प पीडितले राज्यबाट पाउनुपर्ने राहत सुविधाबाट वञ्चित भएको पाएको छ ।
- वैशाख २९ गतेको भूकम्पमा परी रामेछाप जिल्लामा मृत्यु हुनेको सङ्ख्या १२ पुगेको छ । चनखु गाविस-५ की ८३ वर्षीया योगमाया श्रेष्ठको मृत्यु भएको पछिल्लो जानकारी आएपछि मृतकको सङ्ख्या १२ पुगेको हो ।
- दाङ जिल्लामा ४८ लाख ७५ हजार ९० रुपियाँ राहत सङ्कलन भएको जिल्ला प्रशासन कार्यालय, दाङले जानकारी दिएको छ । विभिन्न सरकारी र गैरसरकारी सङ्घसंस्था र व्यक्तिगत प्रयासमा उक्त रकम सङ्कलन गरी प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा जम्मा गरिएको दैवी प्रकोप उद्धार समितिका संयोजक एवम् प्रमुख जिल्ला अधिकारी लोकनाथ पौड्यालले बताए ।
- अछामका विभिन्न दल, कर्मचारी सङ्घ सङ्गठनहरूले राहत सङ्कलन कार्यलाई निरन्तरता दिइरहेका छन् । अछाम जिल्लास्थित विभिन्न सरकारी कार्यालयमा कार्यरत कर्मचारीबाट २४ लाख रकम राहत स्वरुप सङ्कलन गरिएको छ ।
- जिल्ला दैवी प्रकोप उद्धार समितिमार्फत धनकुटा जिल्लाबाट भूकम्पपीडितका लागि ७८ लाख बढी राहत रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जेठ १ गते जम्मा भएको छ ।
- उदयपुरमा जिल्लाका प्रथम श्रेणीका कर्मचारीले १० दिनको र त्यस मुनिकाले पाँच दिनको तलब जम्मा गर्ने जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्णय गरेको छ । सो निर्णअनुसार उदयपुर जिल्लाका कर्मचारीहरूबाट वैशाख ३१ गतेसम्म प्रधानमन्त्री कोषमा ५० लाख ६६ हजार ३ सय ११ रुपैंया ५ पैसा जम्मा भएको छ ।
- वैशाख १२, १३ र २९ गतेको भूकम्पका कारण भएको क्षतिको विवरण सङ्कलनका लागि पाल्पा जिल्लाका हरेक गाविसमा २ जनाका दरले प्रहरी खटाइएको छ ।
- गत वैशाख १२ गतेको विनाशकारी भूकम्प र २९ गतेको ठूलो पराकम्पनबाट भक्तपुर अनन्तलिङ्गेश्वर नगरपालिकाका सबै घर भत्किएपछि मानवीय आस्था नेपाल नामक संस्थाले भूकम्प पीडितका लागि अनन्तलिङ्गेश्वर नपास्थित दधिकोटको गाम्चा र तर्खगालका भूकम्प पीडितलाई पहिलो चरणअन्तर्गत ६० वटा अस्थायी घर बनाएर हस्तान्तरण गरिएको छ ।
- इन्सेकले ललितपुरको झरुवाराशी र चापागाउँका अति प्रभावित भूकम्प पीडितका लागि सहयोग गर्न स्थानीय मानवअधिकार निगरानी समूहलाई निर्माण सामग्री हस्तान्तरण गरेको छ । इन्सेकका

कार्यकारी निर्देशक विजयराज गौतमले किला, हम्मर, डोरीलगायतका सामानहरू हस्तान्तरण गर्दै गाउँलेको दुःखसुखमा साथ दिन निगरानी समूहका पदाधिकारी तथा सदस्यलाई आग्रह गरे ।

- अर्घाखाँचीमा गत वैशाख १२ गते आएको महाभूकम्पबाट यस जिल्लाका ६ सय ८४ जना विस्थापित भएको जिल्ला प्रशासन कार्यालयले जानकारी दिएको छ । जिल्लाका विभिन्न गाविसहरूमा गरी ६ सय ८४ जना विस्थापित भएको प्रतिवेदन आएको र अन्तिम तथ्याङ्क आउन अझै १/२ दिने लाग्ने सहायक प्रमुख जिल्ला अधिकारी खगेन्द्र पौडेलले बताए ।
- जिल्ला प्रशासन कार्यालय दैलेखले विनाशकारी भूकम्प पीडितको राहतका लागि दैलेख जिल्लामा संकलित ११ लाख रकम प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा जम्मा गरेको छ ।
- वैशाख १२ गतेको महाभूकम्पपछि उत्तरी गोरखाको दुर्गम सात गाविसको उद्धारमा गएर अलपत्र परेका १८ युवाको उद्धार भएको छ ।
- जिल्ला शिक्षा कार्यालय महोत्तरीले सञ्चालन गरेको भुकम्प पीडितलाई राहतको लागि 'मुट्ठीदान' अभियानअन्तर्गत बालबालिकाहरूको 'मुट्ठीदान' अभियानको पहिलो दिन नै ३ हजार २ सय २७ किलो चामल, २ सय २४ किलो दाल, १ हजार ५ सय ५६ किलो आलु, ६ सय ४५ किलो गहुँ, ६५ किलो प्याजसहित अन्य खाद्य सामग्री सङ्कलन भएको थियो । यी सामग्री सिन्धुली पठाइनेछ ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline